व्यास नगर कार्यपालिकाको २३६ औं बैठक आज मिति २०८३/१/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोख्रेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| प्रशासकीय अधिकृत | – श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

| | |
|---|---|
| प्रस्ताव नं.१: | मिति २०८३/१/६ गते भएको कार्यपालिका बैठक समेतको समीक्षा सम्बन्धमा । |
| प्रस्ताव नं.२: | आ.व. २०८३/०८४ को बजेट पूर्व तयारी बैठक सम्बन्धमा । |
| प्रस्ताव नं.३: | विभिन्न विद्यालयहरु समायोजन प्रस्ताव सम्बन्धमा । |
| प्रस्ताव नं.४: | विद्यालय समायोजन एवं दरबन्दी मिलान गर्नुपर्ने भई शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.५: | संघ, प्रदेशबाट आगामी आ.व. प्राप्त हुने विभिन्न बजेट सिलिङ सम्बन्धमा । |
| प्रस्ताव नं.६: | खरिद ऐनमा परिवर्तित प्रकृया अनुसार खरिद कार्य गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.७: | मालपोत र नापी कार्यालयबाट हुने सेवा प्रवाह नगरपालिकाबाट गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.८: | सङ्घीय सरकारबाट हाललाई गरेको आइतबारे विद्यालय बिदा सम्बन्धमा । |
| प्रस्ताव नं.९: | विद्यालयहरु दिवा समयमा मात्र सञ्चालन एवं अध्ययन गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१०: | सहकारी सम्बन्धी गोष्ठी आयोजना सम्बन्धमा । |
| प्रस्ताव नं.११: | अन्तराष्ट्रिय संघ संस्थाको सदस्यता शुल्क उपलब्ध गराउने सम्बन्धमा । |
| प्रस्ताव नं.१२: | अन्तराष्ट्रिय सदस्यता प्राप्त संघ संस्थासँग समन्वय गर्ने सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१३: | Resilience Cities Network सँग सहकार्य गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१४: | Resilience Focal Person (सम्पर्क व्यक्ति) तोक्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१५: | Resilience Cities Task Force गठन गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१६: | योजना परिवर्तन सम्बन्धमा । |
| प्रस्ताव नं.१७: | भुक्तानी दिनुपर्ने रकमान्तर गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१८: | सूचना प्रकाशन सम्बन्धमा । |
| प्रस्ताव नं.१९: | भेरिएसन स्वीकृत गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.२०: | फोहोरमैला व्यवस्थापन सम्बन्धमा । |
| प्रस्ताव नं.२१:<br>प्रस्ताव नं.२२:<br>प्रस्ताव नं.२३: | परम्परागत विद्यालय सञ्चालन समेतको व्यवस्थापनमा अनुदान वितरण सम्बन्धमा ।<br>सेतीमादी सामुदायिक वनका केही रुख काट्ने अनुमति सम्बन्धमा ।<br>विपन्न शैक्षिक एवं गुरुकुल मदर्शा शिक्षा व्यवस्थापन सम्बन्धमा । |
| प्रस्ताव नं.२४: | व्यास नगरपालिका अटोरिक्सा संचालन कार्यविधि संसोधन सम्बन्धमा । |
| प्रस्ताव नं.२५: | सडक बत्तीको बांकी रकम भुक्तानी सम्बन्धमा । |
| प्रस्ताव नं.२६: | समता विद्यालयमा स्वास्थ्य परीक्षण सम्बन्धमा । |
| प्रस्ताव नं.२७: | आ.व.०८२/०८३ को हालसम्मको आयव्यय प्रगती समीक्षा सम्बन्धमा । |
| प्रस्ताव नं.२८: | विपद्जन्य एवं अत्यावश्यक कार्यमा रकम विनियोजन सम्बन्धमा । |
| प्रस्ताव नं.२९: | नदीजन्य पदार्थको सम्झौता म्याद थप सम्बन्धमा । |
| प्रस्ताव नं.३०: | हार्दिक समवेदना व्यक्त गर्ने सम्बन्धमा । |

**निर्णयहरुः**

**निर्णय नं.१**: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०१/०६ गते भएको २३५ औं कार्यपालिका बैठकका निर्णयहरु र कार्यालयको सेवा प्रवाह एवं तेश्रो चौमासिक सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुको समीक्षा गरियो ।

**निर्णय नं.२**: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८३/०८४ को बजेट तर्जुमा सम्बन्धी सरोकारवाला नगर सभा सदस्यहरु, नगरस्तरीय राष्ट्रिय राजनीतिक दलका प्रतिनिधिहरु, नगरपालिकाका सल्लाहाकारहरु, पूर्व एवं निवर्तमान जनप्रतिनिधि, संघ, प्रदेशसँग सम्वद्ध जनप्रतिनिधि, उद्योग वाणिज्य संघ जिल्ला, बजार इकाई प्रतिनिधि, विद्यालयका प्रतिनिधि, कृषि व्यवसायीहरु, लगायतका प्रतिनिधि बीच मिति २०८३/०२/०८ गते दिनको ११:०० बजे व्यास नगरपालिका सभाकक्षमा परामर्श एवं बजेट पूर्व तयारी बैठक बस्ने गरी आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । आ.व.०८२/०८३ बैशाख मसान्तसम्म भएको आयव्यय विवरण र आ.व.०८३/०८४ का लागि अनुमानित आय विवरण उक्त परामर्श बैठकमा पेश गर्ने बजेट तर्जुमा समितिलाइ निर्देशन दिने निर्णय गरिन्छ ।

**निर्णय नं.३**: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल गर्दा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान एवं पदस्थापना लागि गठित समितिबाट प्रस्तुत प्रतिवेदन अनुसार व्यास नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु अन्तर्गतका तपशिलका विद्यालयहरुमा विद्यार्थी संख्या ज्यादै न्यून देखिएकाले सो सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालय | निर्णय | कैफियत |
|---|---|---|---|
| १ | श्री जनसेविका प्राथमिक विद्यालय व्यास-१ | विद्यार्थी संख्या ज्यादै न्यून भएकोले आगामी दिनमा न्यूनतम विद्यार्थी संख्या कायम भई सञ्चालन हुने अवस्था देखिएमा पुन सञ्चालन गर्न सकिने गरी बाल विकास कक्षा मात्र कायम राखी कक्षा १-३ जलदेवी मा.वि. व्यास-१ मा समायोजन गर्ने र शिक्षक कर्मचारीहरुलाई आवश्यकता भएका विद्यालयमा स्थानान्तरण गर्ने । | |
| २ | श्री मानुङ प्रा.वि. व्यास-५ | विद्यार्थी संख्या ज्यादै न्यून भएकोले आगामी दिनमा न्यूनतम विद्यार्थी संख्या कायम भई सञ्चालन हुने अवस्था देखिएमा पुन सञ्चालन गर्न सकिने गरी बाल विकास कक्षा मात्र कायम राखी कक्षा १-३ संगम प्रा.वि. व्यास-५ मा समायोजन गर्ने र शिक्षक कर्मचारीहरुलाई आवश्यकता भएका विद्यालयमा स्थानान्तरण गर्ने । | |
| ३ | श्री जनज्योति प्रा.वि. व्यास-६ | विद्यार्थी संख्या ज्यादै न्यून भएकोले आगामी दिनमा न्यूनतम विद्यार्थी संख्या कायम भई सञ्चालन हुने अवस्था देखिएमा पुन सञ्चालन गर्न सकिने गरी बाल विकास कक्षा मात्र कायम राखी रत्नज्योति आधारभूत विद्यालयमा समायोजन गर्ने । जनज्योति प्रा.वि. मा कार्यरत विद्यालय कर्मचारीले रत्नज्योति आ.वि. बाट तलबभत्ता सुविधा पाउने व्यवस्था मिलाउने । | |
| ३ | श्री बसन्तकाली प्रा.वि. व्यास-७ | विद्यार्थी संख्या ज्यादै न्यून भएकोले आगामी दिनमा न्यूनतम विद्यार्थी संख्या कायम भई सञ्चालन हुने अवस्था देखिएमा पुन सञ्चालन गर्न सकिने गरी बाल | |

| | | | |
|---|---|---|---|
| | | विकास कक्षा मात्र कायम राखी कक्षा १-३ पञ्चज्योति प्रा.वि. व्यास-७ मा समायोजन गर्ने र शिक्षक कर्मचारीहरुलाई आवश्यकता भएका विद्यालयमा स्थानान्तरण गर्ने । | |
| ४ | श्री कृष्णालय प्रा.वि. व्यास-८ | विद्यार्थी संख्या ज्यादै न्यून भएकोले आगामी दिनमा न्यूनतम विद्यार्थी संख्या कायम भई सञ्चालन हुने अवस्था देखिएमा पुन सञ्चालन गर्न सकिने गरी हाललाई विद्यालय बन्द गरी सहजीवन प्राथमिक विद्यालय व्यास-८ मा समायोजन गर्ने र शिक्षक/ कर्मचारी आवश्यकता भएका विद्यालयमा स्थानान्तरण गर्ने । | |
| ५ | श्री सहजीवन प्रा.वि. व्यास-८ | विद्यार्थी संख्या ज्यादै न्यून भएकोले आगामी दिनमा न्यूनतम विद्यार्थी संख्या कायम भई सञ्चालन हुने अवस्था देखिएमा पुन सञ्चालन गर्न सकिने गरी बाल विकास कक्षा मात्र कायम राखी कक्षा १-३ सहजीवन प्रा.वि. व्यास-८ मा समायोजन गर्ने र शिक्षक कर्मचारीहरुलाई आवश्यकता भएका विद्यालयमा स्थानान्तरण गर्ने । | |
| ६ | श्री बुद्ध प्रा.वि. बा.वि.के. व्यास-१३ | विद्यार्थी संख्या नभएकोले आगामी दिनमा न्यूनतम विद्यार्थी संख्या कायम भई सञ्चालन हुने अवस्था देखिएमा पुन सञ्चालन गर्न सकिने गरी हाललाई विद्यालय बन्द गरी सिद्धबेनी माध्यमिक विद्यालय व्यास-१३ मा समायोजन गर्ने र शिक्षक/ कर्मचारी आवश्यकता भएका विद्यालयमा स्थानान्तरण गर्ने । | |

**<u>निर्णय नं.४</u>:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विद्यालय समायोजन एवं कक्षा व्यवस्थापनबाट अन्यत्र विद्यालय स्थानान्तरण गर्नुपर्ने शिक्षक कर्मचारी एवं दरबन्दी मिलान प्रतिवेदन अनुसार शिक्षक व्यवस्थापन सम्बन्धमा नगर प्रमुखको संयोजकत्वमा गठित ५ सदस्यीय समितिबाट गर्ने गराउने निर्णय गरियो ।

संयोजक श्री वैकुण्ठ न्यौपाने - नगर प्रमुख
सदस्य श्री इन्दिरा दरै - उप-प्रमुख
सदस्य श्री सुकदेव लम्साल - प्रमुख प्रशासकीय अधिकृत
सदस्य श्री चन्द्रमाया परियार - संयोजक सामाजिक विकास समिति
सदस्य- सचिव श्री केदारराज आचार्य - शिक्षा, युवा तथा खेलकूद विकास शाखा प्रमुख

**<u>निर्णय नं.५</u>:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८३/०८४ का लागि हालसम्म संघ, प्रदेशबाट प्राप्त हुने समानीकरण राजश्व बाँडफाँड तर्फ कुल रू.३८,२४,४७,०२२/७० (अक्षेरुपी अड्तीस करोड, चौबीस लाख, सतचालीस हजार बाइस पैसा सत्तरी), सशर्त तर्फ रू.२८,६५,०७,०००/ (अक्षेरुपी अट्ठाइस करोड पैसट्ठी लाख सात हजार) समेत जम्मा रू.६६,८९,५४,०२२/७० (अक्षेरुपी छैसट्ठी करोड उनानब्बे लाख चौवउन्न हजार बाइस रुपैंया पैसा सत्तरी) बजेटको सीमा रहेको जानकारी बैठकमा प्राप्त गरियो । प्राप्त हुने

आय अनुमानित आन्तरिक आय समेतको बजेट तर्जुमा गर्ने सम्बन्धित समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.६</u>**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा हालै जारी भएको खरिद अध्यादेशले परिवर्तन गरेका प्रावधानहरुका बारेमा बैठकमा जानकारी लिई अब आयन्दा यस कार्यालयबाट गरिने खरिद प्रकृया परिवर्तित खरिद ऐन अनुसार गर्ने गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.७</u>**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा नेपालको संवैधानिक प्रावधान अनुसार मालपोत कार्यालय र नापी कार्यालयहरुबाट प्रवाह हुँदै आएको सेवाहरु व्यास नगरपालिका अन्तर्गत आवश्यक जनशक्ति तथा पूर्वाधार व्यवस्थापन नगरपालिका स्वयंले गर्ने गरी सङ्घीय मन्त्रालयसँग संचालन अनुमति माग गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.८</u>**: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा सङ्घीय सरकारबाट गरिएको शनिबार र आइतबारको सार्वजनिक बिदा विद्यालयमा कायम गर्ने वा नगर्ने भन्ने सम्बन्धमा व्यापक छलफल गरियो । वर्षे बिदा, हिउँदे, चाडपर्व बिदाबाट कट्टी हुने गरी अर्को व्यवस्था नहुदाँसम्म सामुदायिक र संस्थागत विद्यालयमा आइतवारे बिदा लागू गर्ने निर्णय गरियो । अब सोमबारदेखि शुक्रबार सम्म बिहान १०:बजेदेखि ४:०० बजेसम्म न्यूनतम दैनिक ६ घण्टा विद्यालय सञ्चालन गर्ने गराउने निर्णय गरियो, साथै यस अघि तयार भएको शैक्षिक क्यालेण्डर संशोधन गरि नगर शिक्षा समिति मार्फत लागु गर्ने व्यवस्था मिलाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.९:</u>** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत सबै विद्यालयहरु सङ्घीय नियमानुसार दिवा समयमा सञ्चालन गर्ने व्यवस्था गर्ने गराउने सम्बन्धमा अध्ययन गरी आगामी बैठकमा प्रतिवेदन पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१०</u>**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सम्पूर्ण सहकारीहरुका प्रतिनिधि, अध्यक्ष र लेखा संयोजकलाई सहभागी गराइ बदलिदो परिस्थितिमा सहकारीको भूमिका विषयमा २०८३/१/२८ देखि तीन दिन तालिम सञ्चालन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.११</u>**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका सदस्यता रहेको अन्तरार्ष्ट्रिय संस्था League of Histrorical Cities लाई सन् २०२५ र २०२६, २ वर्षको सदस्यता शुल्क २०० (USD) बजेट शीर्षक नं.६२ बाट उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.१२:</u>** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका सदस्यता रहेको अन्तरार्ष्ट्रिय संघ/संस्था, UCLC ASPAS, Global Parlianant of Mayors, League of Histrorical sities समेत सँग सम्पर्क गर्न नगर प्रमुखको तर्फबाट नगरपालिकालाई आर्थिक दायित्व नपर्ने गरी व्यास नगरपालिका वडा नं.१ निवासी श्री गौरवराज पन्थलाई अवैतनिक सञ्चार सम्पर्क व्यक्ति नियुक्ति गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१३</u>**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई Resilent city बनाउन Resilience city Network सँग समन्वय गरी सहकार्य गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१४</u>**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा Resilience city Network सँग समन्वय गर्ने कार्यमा सहयोग पुर्‍याउन विपद उपशाखाका इन्जिनियर श्री सुवास गौतमलाई सम्पर्क व्यक्ति (Focal Person) तोक्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१५</u>**: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई Resilience city Network अन्तर्गत कार्यक्रम अघि बढाउन Cross Sectorial Resilience Team (TASK Force) निम्नानुसार गठन गर्ने निर्णय गरियो ।

संयोजक डा. राजु पौडेल - पूर्वाधार विकास शाखा प्रमुख
सदस्य डा. मनोज विश्वकर्मा - कृषि तथा पशुपन्छी शाखा प्रमुख
सदस्य श्री प्रमोद सोती - स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख
सदस्य श्री रविन्द्र लाल मूल - जग्गा विकास आयोजना प्रमुख
सदस्य श्री अर्जुन बराल - आर्थिक प्रशासन शाखा प्रमुख
सदस्य श्री अमृत के.सी - घर नक्सापास शाखा प्रमुख
सदस्य श्री नविन पराजुली - शिक्षा प्रशासन उपशाखा प्रमुख
सदस्य श्री आशिक परियार - नगर प्रहरी इकाई
सदस्य-सचिव ई.सुवास गौतम - विपद व्यवस्थापन उपशाखा प्रमुख

**निर्णय नं.१६**: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा निम्नानुसार वडाहरुबाट र नगर स्तरीय आ.व. २०८२/०८३ मा विनियोजित योजना परिवर्तनका लागि सिफारिस भइ आएकाले निम्नानुसार परिवर्तन गर्ने र अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

| क्र. सं. | वडा नं. | हालको योजना | विनियोजित बजेट | परिवर्तिन योजना | रकम | शीर्षक नं. | सि.नं. |
|---|---|---|---|---|---|---|---|
| १. | १ | क. टोल विकास संस्थाका अध्यक्ष एवं महिला समन्वय अवलोकन भ्रमण | ३,००,०००/- | गल्बुवेंसी टोलमा छाब्दी मार्गदेखि उत्तर तर्फ सन्जु खाँणको घरसम्मको इन्द्रेणी मार्गमा पि.सि.सि. ढलान | ३,००,०००/- | २२५१२ | १७९ |
| २. | | ख. हरियाली प्रवर्द्धन कार्यक्रम (वडा भरिमा फलफूलका बिरुवा वितरण) | २,००,०००/- जम्मा ५,००,०००/- | | २,००,०००/- जम्मा ५,००,०००/- | २२५२९ | १८५ |
| ३. | ७ | शेरा सुनार गुठी भवन मर्मत | १,००,०००/- | कलेस्ती माझफाँट नेवा:खल पूर्वाधार निर्माण | १,००,०००/- | ३११५९ | ६१४ |
| ४. | ७ | साँखुली खानेपानी योजना | २,००,०००/- | कुमाल क्रियापुत्री भवनमा शौचालय र खानेपानी व्यवस्थापन | २,००,०००/- | ३११५६ | ६०३ |
| ५. | ११ | पुरनडिही भित्री बाटो पक्की नाला निर्माण | २,००,०००/- | पुरानडिही अधुरो सामुदायिक भवन निर्माण | २,००,०००/- | ३११५१ | ७३९ |
| ६. | ११ | स्वास्थ्य सम्बन्धी औषधी साथै उपकरण खरिद एवं क्षयरोग खोजपडताल | २,००,०००/- | विश्वकर्मा गुठी भवन मर्मत बेलटारी | २,००,०००/- | ३११२२ | २७१ |
| ७. | १० | रामरामेश्वर मन्दिरमा पार्क निर्माण | २,००,०००/- | रामरामेश्वर मन्दिर परिशरमा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण | २,००,०००/- | ३११५९ | ७०७ |
| ८. | ९ | सुदेखोला खानेपानी | २,५०,०००/- | गजौडे चौतारा | २,५०,०००/- | ३११५६ | ६५९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | टंकी निर्माण | | स्तरोन्नति | | | |
| ९. | १३ | झाँक्रीथान होमस्टे निर्माण | ५,००,०००/- | बेनीकोट भञ्ज्याङ साँस्कृतिक होमस्टे निर्माण | ५,००,०००/- | ३११५९ | १०३२ |
| १० | ६ | कृषि तर्फको बजेट | २,००,०००/- | वडा कार्यालय स्वागत गेट निर्माण | २,००,०००/- | २२५२९ | २२४ |

**<u>निर्णय नं.१७:</u>** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत विभिन्न सम्पन्न योजनाहरु एवं दायित्व भुक्तानीका लागि आगामी नगर सभाबाट अनुमोदन हुने गरी निम्नानुसार रकमान्तर गर्ने निर्णय गरियो ।

आ.व. : २०८२/८३ रकमान्तर : का पा शंशोधन — रु. हजारमा

घटाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | वडा नं.८ वडा कार्यालय भवन निर्माण (क्रमागत) (९७०) | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | २,१००.०० | |
| २ | ८०४३८४०३१०१ | वडा नं.८ वडा कार्यालय भवन निर्माण (क्रमागत) (९७०) | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २९०.०० | |
| ३ | ८०४३८४०३१०१ | मालपोत, सिंचाई र हुलाक कार्यालय कम्पाउण्ड निर्माण र देउरालीनगर जाने बाटो स्तरोन्नति (क्रमागत) (९४४) | 31151 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३३०.०० | |
| ४ | ८०४३८४०३१०१ | योजना सफ्टवेयर निर्माण र जडान (क्रमागत) (१००४) | 31134 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २१६.०० | |
| ५ | ८०४३८४०३१०१ | शहरी क्षेत्रमा सडक नामाकरण पोष्ट राख्ने कार्य (क्रमागत) (१००३) | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १२५.०० | |
| ६ | ८०४३८४०३१०१ | रामधुम्की पार्क सरोकार समाज कल्याण डि.पि.आर. निर्माण (क्रमागत) (१००२) | 31135 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २००.०० | |
| ७ | ८०४३८४०३१०१ | मासु पसलमा टायर, इन्टरलक मर्मत तथा वधस्थल स्तरोन्नति (क्रमागत) (९४९) | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ९९.०० | |
| ८ | ८०४३८४०३१०१ | जिल्ला समन्वय समिति, तनहुँ (८३५) | 31159 | अन्तरिक श्रोत | जिल्ला समन्वय समिति | आन्तरिक श्रोत | नगद | ५,०००.०० | |
| | | | | | | | | ८,३६०.०० | |

वढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | केशवटार स्वास्थ्य चौकी भवन निर्माण (९२९) | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३३०.०० | |
| २ | ८०४३८४०३१०१ | रिस्ती २ स्वास्थ्य चौकी भवन निर्माण (८८८) | 31161 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १००.०० | |
| ३ | ८०४३८४०३१०१ | रिस्ती २ स्वास्थ्य चौकी भवन निर्माण (८८८) | 31161 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २६०.०० | |
| ४ | ८०४३८४०३१०१ | वेलटारी शहरी स्वास्थ्य केन्द्र भवन निर्माण (९०५) | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ६७०.०० | |
| | | | | | | | | १,३६०.०० | |

अक्षरेपी : रुपैयाँ एक हजार तिन सय साठी मात्र ।

---

**<u>निर्णय नं.१८:</u>** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अटो रिक्सा सञ्चालन कार्यविधि, २०८२ बमोजिम यस नगर क्षेत्रभित्र सञ्चालनमा रहेका ३ पाङ्ग्रे ट्याम्पोहरु व्यास नगरपालिका कार्यालयमा दर्ता तथा नविकरण गरेर मात्र सञ्चालन गर्नका लागि मिति २०८३ वैशाख १५ गतेसम्म म्याद दिई सूचना प्रकाशन गरिएकोमा दर्ता तथा नवीकरणका लागि बैशाख मसान्तसम्म समय दिई सूचना प्रकाशन गर्ने र तोकिएको समयभित्र दर्ता तथा नविकरण गर्न नआएमा व्यास नगरपालिका अटो रिक्सा सञ्चालन कार्यविधि, २०८२ बमोजिम कार्यवाही गरिने निर्णय गरियो ।

**<u>निर्णय नं.१९</u>**: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुंदा गण्डकी प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत व्यास नगरपालिका वडा नं.८ स्थित कालिका मार्ग स्तरोन्नति योजनाको लागि ठेक्का सम्झौता भएकोमा निर्माण कार्य गर्दै जाँदा केही आईटमहरुमा सुरु लागत अनुमान भन्दा घटी/बढी परिमाणमा काम गर्नुपर्ने देखिएकोले सम्झौता रकम भित्र रहने गरी योजना तथा प्राविधिक शाखाबाट पेश भए बमोजिमको परिमाणमा भएको आन्तरिक भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं.२०**: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा शहरीकरण बढ्दै गएको कारणले फोहोर संकलन व्यवस्थापन गर्न हालसम्म पनि जग्गाको व्यवस्थापन हुन नसकेको वस्ती भन्दा टाढा रहेको व्यास ४ स्थित विरता सामुदायिक वन, व्यास १० स्थित कमलाथुम्की सामुदायिक वन, रानीपानी सामुदायिक वन क्षेत्रमा रहेको अन्दाजी ५० रोपनी सरकारी वनमा सरसफाइ केन्द्र स्थापना गर्न वन ऐन, २०७६ को दफा ४२ अनुसार वातावरणीय अध्ययन गराउने निर्णय गरियो ।

**निर्णय नं.२१**: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा आ.व. ०८२/०८३ को बजेट कार्यक्रम अन्तर्गत सशर्त अनुदानतर्फ  खर्च शीर्षक ३७३, ३८६ र ३९९ मा शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) शीर्षकमा जम्मा विनियोजित अनुदान रकम रु. ३८,०२,०००। (अठतीस लाख दुई हजार) मध्येबाट तपसिलका सिकाई केन्द्र, अनौपचारिक शिक्षा कार्यक्रम र मदर्सा तथा गुरुकुललाई निम्नानुसारको रकम विनियोजन गर्ने निर्णय गरियो ।

**सशर्ततर्फ विनियोजित कार्यक्रम र बजेट**

| **क्र.सं.** | **मदर्सा/गुरुकुल** | **वडा नं.** | **अनुदान रकम रु.** |
|---|---|---|---|
| १. | सामुदायिक सिकाई केन्द्र सञ्चालन अनुदान प्रति केन्द्र ३,००,०००। का दरले ८ वटा सिकाई केन्द्रलाई | विभिन्न वडा | २४,००,०००। |
| २. | निर्मल माध्यमिक विद्यालयमा खुला विद्यालय सञ्चालन | १ | १,५२,०००। |
| ३. | अनिवार्य तथा नि शुल्क शिक्षा सम्बन्धी कार्यक्रम | – | २,५०,०००। |
| ४. | लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम | – | २,००,०००। |
| ५. | श्री पराशर विद्याश्रम गुरुकुल | ५ | २,००,०००। |
| ६. | श्री दमौली मुस्लिमअनजुमन कमिटी दमौली | ४ | २,००,०००। |
| ७. | श्री ईस्लामिक उर्दुअरवि मदर्सा पातलटार | ६ | २,००,०००। |
| ८. | श्री रहनुमा तालेमुलइस्लामिक मदर्सा शेषाटार | ६ | ५०,०००। |
| ९. | श्री नुरानी उर्दुअरवी सामुदायिक मदर्सा चनौटे | ६ | ५०,०००। |
| १०. | श्री ईस्लामिक मदर्सा शिशाघाट | ६ | १,००,०००। |
| ११. | श्री विस्मिल्ला मदर्सा पोखरेडांडा पातलटार | ६ | १,००,०००। |
| | | | **३८,०२,०००।–** |

**निर्णय नं.२२**: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा तनहुँ जिल्लाको रिसिङ्ग गा.पा. वडा नं.१ झापुटार र व्यास नगरपालिका वडा नं.३ जोड्ने सेती नदी माथी निर्माण भैरहेको पक्की पुलका कारणले देउराली यूवा क्लबको खेल मैदान प्रभावित हुन गएकाले सेती मादी सामुदायिक वनभित्र रहेका १८ वटा कलिलो खयरका रुखहरु कटान गर्ने अनुमति माग भई वडाबाट सिफारिस भई आएकाले सम्बन्धित ऐन नियमानुसार उक्त रुखहरु हटाउन डिभिजन वन कार्यालयलाई स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३**: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल गर्दा बजेट शीर्षक नं.८३ मा विनियोजित रु.४,००,०००/ (अक्षरुपी चार लाख) मध्येबाट निम्नानुसार बजेट विनियोजन गरने निर्णय गरिन्छ । साथै उक्त निर्णय आगामी नगर सभामा अनुमोदनका लागि पेश गरिनेछ ।

| क्र.सं. | बजेट शीर्षक | वडा नं. | विनिजयोजन गर्ने शीर्षक | रकम | क्र.सं. |
|---|---|---|---|---|---|
| १ | मदर्शा शिक्षा व्यवस्थापन | ३ | महर्षि वेद व्यास सँस्कृत विद्यालय – संस्कृत शिक्षा सञ्चालन व्यवस्थापन | रु १,००,०००/– | ८३ |

| क्र.सं. | बजेट शीर्षक | वडा नं. | विनिजयोजन गर्ने शीर्षक | रकम | क्र.सं. |
|---|---|---|---|---|---|
| | रु ४,००,०००/- | २ | सत्यवती माध्यमिक विद्यालय शिक्षक व्यवस्थापन अनुदान | रु ६३,०००/- | ८३ |
| | | ६ | रहनुमा तालेमुलइस्लामिक मदर्सा शेषाटार | रु ५०,०००/- | ८३ |
| | | ६ | नुरानी उर्दुअरवी सामुदायिक मदर्सा | रु ५०,०००/- | ८३ |
| | **जम्मा रु ३,८०,०००/-** | ११ | सूर्योदय प्रा.वि. शिक्षक व्यवस्थापन अनुदान | रु ५४,०००/- | ८३ |
| | | १२ | अमरज्योति मा.वि. शिक्षक व्यवस्थापन | रु ६३,०००/- | ८३ |

**निर्णय नं.२४**: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुदाँ व्यास नगरपालिका अटो रिक्सा सञ्चालन कार्यविधि २०८२ लाई प्रथम पटक संशोधन गर्ने निर्णय गरिन्छ ।

**निर्णय नं.२५**: प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल गर्दा नेपाल विद्युत प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय गण्डकी प्रदेश कार्यालय तनहुँ वितरण केन्द्र दमौली तनहुँबाट यस नगरपालिकाका नाउमा सडक बत्तीको बाँकी वक्यौता रकम भुक्तानी सम्बन्धमा २०८२/०८३ च.नं.७८१, मिति २०८३/०१/१६ को पत्र प्राप्त भएकाले आ.व.०८३/०८४ को बजेट शीर्षक नं.७१ मा विनियोजित रकम मध्ये हाललाई रु.५,००,०००। (अक्षरुपी पाँच लाख) उपलब्ध गराई क्रमशः भुक्तानी हुदै जाने व्यहोरा जानकारी गराउने निर्णय गरिन्छ ।

**निर्णय नं.२६**: प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुदाँ व्यास नगर समता विद्यालय, व्यास ७ मा रहेका करिव ७० जना आवासीय विद्यार्थीहरु समय समयमा बिरामी भइरहने भएकाले मासिक न्यूनतम नियमित स्वास्थ्य परीक्षण गर्ने प्रारम्भ गर्ने पायक पर्ने स्वास्थ्य संस्थाहरुलाई खटाउन स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने निर्णय गरिन्छ ।

**निर्णय नं.२७**: प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुदाँ आ.व.८२/०८३ को संशोधित आयव्यय अनुमानित बजेट रु.१,७२५,२०४,५००/ (अक्षरुपी एक अरब वहत्तर करोड बाउन्न लाख चार हजार पाँच सय) मध्ये मिति २०८३/०१/२२ गतेसम्म संघ अनुदान (७०.६९%), प्रदेश अनुदान (६७.८१%), राजश्व बाँडफाँडबाट (५०.३७%), आन्तरिक श्रोतबाट (४५.३७%) प्राप्त कुल रु.१,०९,०८,१४,९७६.२४/ (६३.२२%) भई पूँजीगततर्फ (३०.४१%) चालुतर्फ (६५.३३%) गरी कुल रु.८५,६६,५३,१०४.३५/- (अक्षरुपी पचासी करोड छैसठ्ठी लाख त्रिपन्न हजार एक सय चार रुपैयाँ पैतीस पैसा) (४९.६५%) खर्च भएको, जम्मा ७७४ योजनाहरुमा ३१७ सम्पन्न भएको, ३७३ योजनाहरु सम्झौता भएको र ८४ योजनाहरु सम्झौता हुन बाँकी रहेको बैठकमा जानकारी प्राप्त भई समीक्षा गरियो । साथै विद्यमान तेल संकटले निर्माण सामग्रीको बजार भाउ निर्धारित दररेट भन्दा बढी भएकाले निर्माण कार्यमा असर परिरहेकाले कानुनी सिमामा रहेर सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८**: प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा विभिन्न वडाबाट माग भई आएका योजनाहरु एवं विपद्जन्य अत्यावश्यक कार्यमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | अकला युवा क्लब खेल मैदान व्यवस्थापन | १ | २,००,०००।- | ८७९ |
| २. | करङकाठ बसपार्क फोहोरमैला व्यवस्थापन | १ | ९५,०००।- | ८६७ |
| ३. | हरिबहादुर कार्की रन्जु लेडिज कलेक्सन आगलागी | २ | २५,०००।- | विपद |

| | | | | |
|---|---|---|---|---|
| ४. | नेपाल बार एशोसियसन क्षमता अभिवृद्धी | ३ | ५०,०००।– | ७२ |
| ५. | पुस्तकालय कक्ष पाटेसन कार्य | ३ | १,८४,०००।– | ९७८ |
| ६. | श्रीकृष्ण टोल विपद् व्यवस्थापन होसपाइप खरिद | ४ | १५,०००।– | विपद |
| ७. | चुरेखोल्सी बाटो निर्माण पहिरो नियन्त्रण | ४ | १,५०,०००।– | विपद |
| ८. | चिन्तुटार टोल विकास ह्युम पाइप व्यवस्थापन | ५ | ३०,०००।– | ७२ |
| ९. | रामनाथ मिश्र हावाहुरीबाट गोठको छाना उडाएको | ५ | १०,०००।– | विपद |
| १०. | रामबहादुर दरै हावाहुरीबाट गोठको छाना उडाएको | ५ | ८,०००।– | विपद |
| ११. | ने.रे.सो.शिशाघाट स्वास्थ्य शिविर व्यवस्थापन | ६ | ८०,०००।– | १२४ |
| १२. | समता विद्यालय शुद्ध खानेपानी व्यवस्थापन युरोगार्ड खरिद | ७ | १,४०,०००।– | ७३ |
| १३. | रिस्ती पारिडिही कालिका मन्दिर तार व्यवस्थापन | ८ | २३,९००।– | ८८१ |
| १४. | नवनिर्मित स्वास्थ्य भवन सतिशवाँरा उदघाटन | ९ | ७०,०००।– | ७२ |
| १५. | माझफाँट सामुदायिक भवन सार्वजनिक शौचालय निर्माण | ९ | १,५०,०००।– | ९७८ |
| १६. | सुदिखोला कल्भर्ट संरक्षण | ९ | १,००,०००।– | विपद |
| १७. | क्रान्ति आचार्य प्राविधिक शिक्षा अध्ययन सहयोग | ९ | २५,०००।– | ७२ |
| १८. | मिनामायां कुमाल घरको छाना हावाहुरीले उडाएको | ९ | १०,०००।– | विपद |
| १९. | खहरेटोल कल्याणकारी छाङ्गा बाराही आमा समूह शौचालय निर्माण | १० | ५०,०००।– | ९७८ |
| २०. | बैरेनी टोल विकास संस्था मौलिक साँस्कृतिक सीप विकास | १० | १,००,०००।– | ११६ |
| २१. | शिव माध्यामिक विद्यालय खानेपानी ट्याङ्की व्यवस्थापन | १० | ४५,०००।– | ८७६ |
| २२. | प्रदिप गुरुङ हावाहुरीले छाना उडाइ विपद् मर्मत राहत | ११ | २०,०००।– | विपद |
| २३. | चन्द्रबहादुर गुरुङ हावाहुरीले छाना उडाइ विपद् मर्मत राहत | ११ | ७,०००।– | विपद |
| २४. | रामभक्त सुनार हावाहुरीले छाना उडाइ विपद् मर्मत राहत | ११ | १०,०००।– | विपद |
| २५. | कोकलेडांडा खानेपानी ट्रान्सफर्मर मर्मत | ११ | २,००,०००।– | मर्मत कोष |
| २६. | शिवमन्दिर टोल रानीगाउँ नन्दकिशोर मार्ग मर्मत सम्भार | ११ | ५०,०००।– | मर्मत कोष |
| २७. | देउराली योगसाधना केन्द्र व्यवस्थापन | १२ | ४०,०००।– | ७२ |
| २८. | डांडावारी खानेपानी व्यवस्थापन पम्प पाइप खरिद | १३ | ८०,०००।– | ८७६ |
| २९. | लामोटारी वासकोट कुलो मर्मत समेत | १३ | २,००,०००।– | ८७८ |
| ३०. | बेनीमित्र प्रा.वि. कम्प्युटर फोटोकपी मेशिन खरिद | १३ | ५८,०००।– | ८७७ |
| ३१. | लागू औषध साइवर अपराध विद्यालय सचेतना कार्यक्रम सहयोग | | ५०,०००।– | १२४ |
| ३२. | रेडियो बन्दिपुर कार्यक्रम सहयोग | | २५,०००।– | ३६ |
| ३३. | शैक्षिक कार्यपात्रो तयारी छपाइ समेत | | १,६०,०००।– | ९० |

**<u>निर्णय नं.२९:</u>** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत मादी/सेती नदीको ढुङ्गा, गिटी, वालुवा व्यास १३ (निउरोघारीदेखि खहरे ढांडखोलासम्म) बोलपत्र नं. RE3/05/VYASREV/2082/083 बमोजिमको बोलपत्रमा बोलपत्रदाता श्री जिटा इन्जिनियरिङ्ग एण्ड सिभिल कन्स्ट्रक्सन सर्भिसेज प्रा.लि. चन्द्रागिरी ९ काठमाण्डौंले कवोल गरेको अंक स्वीकृत भई नियमानुसार सम्झौताका लागि मिति २०८२/१०/१९ मा पत्राचार गरिएकोमा उक्त कन्स्ट्रक्सनबाट सम्झौताका लागि म्याद थप गरिपाउँ भनी निवेदन प्राप्त भएको र मिति २०८३/०१/०६ गतेको कार्यपालिकाको निर्णय बमोजिम सम्झौताका लागि मिति २०८३/०२/२२ गतेसम्म म्याद थप गरिएकोमा उक्त कन्स्ट्रक्सनको तर्फबाट पुन: म्याद थप गरिपाउँ भनी निवेदन प्राप्त भएको हुँदा सम्झौताका लागि म्याद सकिएको मितिदेखि २०८३/०२/०४ गतेसम्म अन्तिम पटकका लागि म्याद थप गर्ने निर्णय गरियो । उक्त मिति भित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.३०</u>:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा **(क)** व्यास नगरपालिका उपप्रमुख श्री ईन्दिरा दरै का पति भादगाँउ खानेपानी उपभोक्ता समितिका अध्यक्ष समाजसेवी श्री चिजबहादुर दरै, मिति २०८३/०१/१५ गते उपचारकै क्रममा ५६ वर्षको उमेरमा दिवंगत हुनु भएकाले यो बैठक स्व.चिजबहादुर दरै प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ शोक सन्तप्त सम्पूर्ण परिवार प्रति हार्दिक समावेदना व्यक्त गर्ने निर्णय गर्दछ । **(ख)** व्यास नगरपालिका वडा नं.१० का वडा सदस्य श्री वासना कुंवरका पिता एवं व्यास नगरपालिका साविक वडा नं.०९ का पूर्व अध्यक्ष श्री खड्कबहादुर अधिकारी, मिति २०८३/०१/०७ गते ८७ वर्षको उमेरमा दिवंगत हुनु भएकाले यो बैठक स्व. खड्कबहादुर अधिकारी प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त सम्पूर्ण परिवार प्रति हार्दिक समावेदना व्यक्त गर्दछ ।

***